# आदर्श गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

प.सं :- ०७७/०७८
च.नं :

मौवानगरदह,डोटी
शुदूर पश्चिम प्रदेश नेपाल
मिति २०७७/०५/०९

## करार सेवामा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटकप्रकाशित मिति: २०७७/०५/०९**

यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यकम तथा गाउँपालिकाको निर्णयानुसार यस कार्यालयमा तपसिल अनुसारका पद तथा संख्यामा करारमा कर्मचारी नियुक्त गर्नु पर्ने भएकोले निम्न लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकासित भएको मितिले २१ (एक्काईस) दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन सम्बन्धीत सबैका लागि यो सूचना प्रकासित गरिएको छ । यसको दरखास्त फाराम,पारिश्रमिक सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

**देहाय**

| वि.नं. | पद | सेवा,समुह | तह | संख्या |
|---|---|---|---|---|
| ०२/०७७/०७८ | रोजगार संयोजक | | स्थानीय सेवाको अधिकृत छैठौं तह सरह | १ |
| ०३/०७७/०७८ | ना.प्रा.स. | कृषि सेवा | सहायक स्तर चौथो तह सरह | २ |

१)दरखास्त दिने अवधि:२०७७/०५/०९ देखि २०७७/०५/२९ गते कार्यालय समय भित्र,दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन ।

२) दरखास्त दिने स्थान: आदर्श गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,डोटी ।

३) दस्तुर रु.१०००/(एक हजार) मात्र ।

४)आवेदकले आदर्श गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मौवानगरदहको राजश्व शाखाको नगदी रसिद सक्कलै संलग्न राख्नुपर्नेछ ।

५) छनौटको किसिम: लिखित परीक्षा तथा अन्तवार्ता ।

६) काम गर्नु पर्ने स्थान: रोजगार संयोजकले आदर्श गाउँपालिका अन्तर्गत गाँउकार्यपालिकाको कार्यालयमा र ना.प्रा.स.ले तोकिएको वडाहरुमा ।

७) योग्यता र अनुभव: (क) नेपाली नागरिक (ख) १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (ग) रोजगाार संयोजकको लागि नेपालसरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण गरेको । घ) रोजगार संयोजकको लागि कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सपि भएको । ङ) ना.प्रा.स.को लागि नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विषयमा टि.एस.एल.सि.वा सो सरह उत्तीर्ण गरेको । च) अन्य कानुनद्धारा अयोग्य नभएको ।

८) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको ।

९) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

१०)दरखास्त दिदा संलग्न गर्नुपर्ने कागजातहरु:(क) न्युनतम योग्यताको लब्धाकं प्रमाण पत्रको प्रमाणित प्रतिलिपी (ख) चारित्रिक प्रमाण पत्रको प्रतिलिपी (ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी (घ) कार्य अनुभव भए सो सम्बन्धि अनुभव खुल्ने कागजातहरु (ङ) २ प्रति पासपोर्ट साईजको फोटो । च) रोजगार संयोजकको लागि कार्यालयबाट निर्धारित फर्मेटमा र ना.प्रा.स.को लागि लोक सेवा आयोगले निर्धारित गरेको फर्मेटमा आवेदन पत्रभरि पेश गर्नु पर्ने छ ।

११)सेवा सुविधा: गाउँपालिकाको निर्णयानुसार ।

१२)म्याद नाघी वा रित पूर्वक नआएका आवेदन उपर कुनै कार्वाही हुने छैन । आवेदनको ढाँचा र अन्य जानकारी www.aadarshamun.gov.np मा उपलब्ध हुनेछ ।

सुरेन्द्र बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत